गाउँ कार्यपालिकाको कार्यालय
काठेखोला गाउँपालिका
बिहुँकोट, बागलुङ
गण्डकी प्रदेश, नेपाल

बैठक संख्या - ४४

आज मिति २०८१।११।२८ गते काठेखोला गाउँपालिकाका अध्यक्ष श्री रामु थापा ज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्न बमोजिमको उपस्थिति र देहाय बमोजिम निर्णय भयो।

उपस्थिति :-

1. श्री रामु थापा - अध्यक्ष
2. श्री तेज बहादुर थापा - उपाध्यक्ष
3. श्री खडक बहादुर थापा - वडा अध्यक्ष वडा नं. १
4. श्री विद्यापति शर्मा - वडा अध्यक्ष वडा नं. २
5. श्री कुल बहादुर बि.क. - वडा अध्यक्ष वडा नं. ३
6. श्री लक्ष्मण पुन - वडा अध्यक्ष वडा नं. ४
7. श्री शामनाथ कँडेल - वडा अध्यक्ष वडा नं. ५
8. श्री बृहस्पति शर्मा - वडा अध्यक्ष वडा नं. ६
9. श्री प्रेम बहादुर जि.सी. - वडा अध्यक्ष वडा नं. ७
10. श्री प्रमानन्द कँडेल - वडा अध्यक्ष वडा नं. ८
11. श्री टिका संगम वि.क. - कार्यपालिका सदस्य
12. श्री भुमा देवी पुन - कार्यपालिका सदस्य
13. श्री सुनतली बि.क. - कार्यपालिका सदस्य
14. श्री पूर्णमाया सुनार - कार्यपालिका सदस्य
15. श्री गिता देवी वि.क. - कार्यपालिका सदस्य
16. श्री देवी थापा मगर - कार्यपालिका सदस्य
17. श्री पूर्ण बहादुर कार्की - सचिव एवं प्रमुख प्रशासकीय अधिकृत

अन्य उपस्थित :-

1. श्री माधव शर्मा - लें.अ.
2. श्री मनोज कार्की - अधिकृत प्रशासन
3. श्री अच्यत थापा - MSS operator

निर्णयहरू

**निर्णय नं. १. कार्यविधि सम्बन्धमा।**

क) विधायन समितिबाट स्वीकृतको लागि पेश हुन आएको तपशिल अनुसारको कार्यविधि शिक्षा समितिमा छलफलको लागि पठाउने।

१. काठेखोला गाउँपालिकाको विद्यालय व्यवस्थापन कार्यविधि-२०८१

ख) तपसिल अनुसारका कार्यविधि विधायन समितिमा छलफल गरी अर्को बैठकमा पेश गर्ने।

१. काठेखोला गाउँपालिकाको अध्यक्ष संग शैक्षिक सुधार कार्यविधि-२०८१

२. काठेखोला गाउँपालिकाले सामुदायिक जग्गा भाडामा (लिज) लिने कार्यविधि-२०८१

३. काठेखोला गाउँपालिकाको मेलमिलाप केन्द्र सञ्चालन कार्यविधि-२०८१

४. मुहान दर्ता सम्बन्धी कार्यविधी-२०८१

**निर्णय नं. २.**

क) तंग्राम स्वास्थ्य चौकी भवन निर्माणको लागी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट रू. ३८ लाख ८६ हजार रूपैया निकासा भएकोले स्वास्थ्य चौकी भवन हाल सम्म पनि नबनेकोले "A" type लागत ईस्टिमेट तयार गरी उपभोक्ता समिति मार्फत भवन निर्माण कार्य अगाडि बढाउने र लागत स्टेमेटमा नपुग रकम संघीय सरकार, प्रदेश सरकार तथा गाउँपालिकावाट स्रोत सुनिश्चित गर्ने निर्णय गरियो।

ख) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट लेखानी स्वास्थ्य चौकीको लागी रू. ३७ लाख निकासा भएकाले उक्त रकमबाट उपभोक्ता समिति मार्फत लेखानी स्वास्थ्य चौकी निर्माण गर्ने निर्णय गरियो।

**निर्णय नं. ३ . न्यायीक समितिको निर्णय अनुमोदन सम्बन्धमा।**

न्यायीक समितिबाट अन्तिम किनारा लागेका तपसिल अनुसारका मुद्धाहरू अनुमोदनको लागि आजको बैठकमा पेश भएकोमा बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो।

१. बादी मन बहादुर बोहरा-२ र प्रतिवादी डिलु श्रेष्ठ भएको ज्याला मजदुरी सम्बन्धी २०८१/०१/१७ को मिलापत्र,

२. बादी मन बहादुर पुन-४ प्रतिवादी खर्क बहादुर थापा भएको खानेपानी मुल सम्बन्धी २०८१/०१/१६ को मिलापत्र,

**निर्णय नं. ४. विविध**

१. एकपाटा बौर सडकको म्याद २०८१ चैत्र मसान्त सम्म कायम रहेको र आठौ रनिङ विल रू. ४८ लाख ३८ हजार ७० रूपैया पैसा ३७ बरावरको आएकोले सो विलमा Liquidity Damage (LD) नलगाई भूक्तानी दिने निर्णय गरियो।

२. काठेखोला गाउँपालिका भित्रका ४७ वटा खानेपानी मुलको शुद्धता परिक्षण गर्दा २७ वटा मुलमा कोलिफर्म ब्याक्टेरिया देखिएकोले सम्बन्धीत वडाको रिपोर्ट जानकारी एवंम कार्यन्वयनको लागी सबै वडा कार्यालयमा पठाउने निर्णय गरियो।

३. मिति २०८१/१०/१४ गतेको कार्यपालिको बैठकको निर्णयले प्राविधिकहरूको फिल्ड भत्ता २० प्रतिशतको दरले उपलब्ध गर्ने निर्णय अनुसार फिल्ड भत्ता उपलब्ध गराईएकोमा प्राविधिकहरूको कठिनाईलाई मध्य नजर गरी २०८१ माघ १ गते देखी २०८२ अषाढ मसान्त सम्म ६ महिनाको ४० प्रतिशतको दरले प्राविधिक भत्ता उपलब्ध गर्ने निर्णय गरियो।

४. काठेखोला गाउँपालिकाको प्रशासकीय भवनको निशुल्क जग्गा प्राप्तिको लागी सूचना प्रकाशित गरिएकोमा ३ वटा निवेदन प्राप्त भएकाले सो उपर छलफल गरी राय लिन राजनैतिक दल, नागरिक समाज सरोकारवालाहरू विच मिति २०८१ चैत्र ६ गते छलफल गरी आवश्यक प्रकृया अगाडि बढाउन जग्गा व्यस्थापन समितिलाई जिम्मा दिने निर्णय गरियो।